- सवभन्दा पहिला म बडादशैं, दिपावली र छटको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
- बास्तवमा नेपालको संविधान जारी भएपछि बि.सं. २०७४ मंसिर १० र २१ गते सम्पन्न प्रदेश सभा निर्वचन पश्चात निर्वाचित भएको प्रदेश सभा सदस्यहरुको बि.सं. २०७४ माघ ७ गते सपथ ग्रहण पश्चात बि.सं. २०७४ माघ २१ गते प्रदेश सभाको पहिलो बैठकवाट प्रदेश सभाको कार्य थालनी भई अहिले सम्म प्रदेश सभाको ९ वटा अधिवेशनमा २२८ वैठकमा कुल ३११ घण्टा १८ मिनेट ५६ सकेन्ड सभाको संचालन गरि प्रदेश सभाको नबौ अधिवेशन सम्पन्न भएको छ ।
- प्रदेश सभाको पहिलो वैठकबाट प्रदेश सभा कार्यसंचालन आन्तरिक कार्यविधीको रूपमा “प्रदेश सभा कार्य संचालन नियमावली, २०७५” पारित गरी सभाको संचालन एवम् काम करवाही व्यवस्थित हुदै आएको छ ।
- प्रदेश सभाले आफ्नो काम कारवाही व्यवस्थित गर्न ७ वटा विषयगत समिति गठन गर्नुका साथै समय समयमा विशेष समिति गठन गरी आफ्नो काम कारवाही प्रभावकारी रूपमा व्यवस्थित गर्दै आएको छ ।
- प्रदेश सभामा जम्मा ६१ विधेयक दर्ता भएकोमा ५५ वटा पारित भई माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणिकरण समेत भई सकेको छ भने बाँकी ६ वटा विधेयक विचाराधीन अवस्थामा रहेको छ । विचाराधीन जसमध्ये ५ वटा विधेयक विभिन्न समितिमा छलफल गरी प्रतिवेदन सभामा पेश गर्ने अवस्थामा रहेको भए तापनि नवौं अधिवेशन अन्त्य भइ सकेको हुनाले उक्त प्रतिवेदन सभामा पेश हुन सकेन । विचारधिन एक विधेयक प्रस्तुतकर्ताले अगाडी बढाउने प्रस्तवानै पेश नगरेकोले अगाडी बढेन ।
- सभाले सरकारको ६ वटा नीति तथा कार्यक्रम, ६ वटा बजेट र दुई पटक विश्वाशको मतको सम्बन्धमा छलफल गरी निर्णय गरेको छ ।
- सवभन्दा महत्वपूर्ण पहिलो पटक पारित हुन नसकेको प्रदेशको राजधानी र नामको प्रस्ताव २०७८ माघ ३ गते दुई तिहाई भन्दा बढी बहुमतले पारित गरि प्रदेशको नाम “मधेश प्रदेश” र राजधानी “जनकपुरधाम” कायम गर्यो ।

➢ अव म प्रदेश सभामा प्रदेश सभाका सदस्यहरुको उपस्थिति सम्बन्धमा केही कुरा गर्दछु प्रदेश सभाको अहिसम्म जम्मा २२८ बैठक बस्यो जसमा शिर्ष ५ जनाको उपस्थिति यसप्रकार रहेको छ ।

| सि.नं. | नाम | उपस्थिति |
|---|---|---|
| १. | मा. श्री बच्चा राउत अहिर | २१८ |
| २ | मा. श्री प्रमिला देवी दास | २१३ |
| ३ | मा. श्री बबिता कुमारी | २१२ |
| ४ | मा. श्री अशोक कुमार यादव (ज स पा) | २१० |
| ५ | मा. श्री गौरी नारायण साह तेली | २१० |

➢ प्रदेश सभाको बैठकमा विभिन्न विषयमा भन्दा बढी पटक आ-आफ्नो विचार राख्ने ५ जना माननीयज्यहरु:

| सि.नं. | नाम | पटक |
|---|---|---|
| १. | मा. श्री शिवचन्द्र चौधरी | १४० |
| २ | मा. श्री परमेश्वर साह सुडी | १०१ |
| ३ | मा. श्री ज्ञानेन्द्र कुमार यादव | ९० |
| ४ | मा. श्री रामअशिष यादव | ८० |
| ५ | मा. श्री सुन्दर बहादुर विश्वकर्मा | ८० |

➢ यस अवधिमा मैले प्रदेश सभा संचालन गर्दा सूचना प्रविधिको प्रयोगलाई बढ्वोत्तरी गर्दै, कोभिड-१९ महामारिको समयमा पनि प्रत्येक माननिय सदस्यज्यूहरुलाई ल्यापटप उपलब्ध गराई अनलाईन मार्फत सभा तथा समितिहरुको बैठक संचालन तथा व्यवस्थापनमा निरन्तरता दिदै आएं जसको फलस्वरुप बैठक संचालन तथा व्यवस्थापन खर्चमा कटौति भएको देखियो । जुन कार्य अन्य प्रदेशको प्रदेश सभाको तुलनामा हामी अगाडि भयौं । साथै सचिवालयलाई निर्देश गर्दछु अव गठन हुने प्रदेश सभाको सुरुवात देखि नै माननीय सदस्यको उपस्थिति तथा सभा र समितिमा बोलेको कुराको रेर्कडको विवरण सूचना प्रविधिको प्रयोग मार्फत सबैको पहुँच योग्य बनाउन व्यवस्था मिलाउने,

प्रदेश सभा र सतितिको नया भवन बनाउन आरम्भ गर्ने, प्रदेश सभालाई प्रभावकारी बनाउन थप अध्ययन अनुसन्धान गर्ने ।

- प्रयासका बाजुद पनि हुन नसकेका कामहरु
  - प्रदेश सरकारले उपलब्ध गराएको न्यून बजेटक कारण प्रदेश सभाको काम कार्वाहीलाइ पूर्ण प्रविधि मैत्रि बनाउन नसकेको,
  - प्रदेशको राजधानी कायम भए पछि प्रदेश सभाको लागि छुटै स्थायी संरचना बनाउन प्रारम्भ नभएको,
  - प्रदेश सभाको आफ्नो भवनको अभावमा आम जनसमुदाय, पत्रकार एवं सरोकारवालाहरुलाई सभाको काम कार्वाहीमा प्रत्यक्ष पहुँच स्थापित गराउन नसकेको ।
- अन्तयमा मलाई प्रदेश सभा संचालनमा सहयोग गर्नु हुने माननीय प्रदेश प्रमुख, प्रदेश सभाको सदस्य एवं पदाधिकारी, मुख्य न्यायधिवक्ता, सचिवालयको सचिव एंवम कर्मचारी, पत्रकार साथिहरु लगायत सम्पूर्ण जनसमुदायलाइ हार्दिक धन्यवाद दिन चाहन्छु ।

  यो बाहेक कुनै केही जिज्ञासा छ भने पालो पालो सोधन अनुरोध गर्दछु ।